Academic Journal of Sukuna – AJoS, A Peer-reviewed Interdisciplinary Journal
Volume 5 (Issue 1)   2025 July (2082 Ashad), Pp. 206 – 219,   ISSN 2594-3138 (Print)
Research Management Cell (RMC – Sukuna), Sundarharaincha, Morang

# 'संयोग' कथा सङ्ग्रहमा अभिव्यक्त यथार्थता

Dio: https://doi.org/10.3126/ajos.v5i1.81991

गणेशराज अधिकारी, विद्यावारिधि[१]

[१]उपप्राध्यापक, महेन्द्ररत्न क्याम्पस, ताहाचल, काठमाडौँ

इमेल : lionganesh2017@gmail.com

## लेखसार

*प्रस्तुत लेख संयोग कथा सङ्ग्रहमा अभिव्यक्त यथार्थताको अन्वेषण गर्ने विषयमा केन्द्रित छ । उक्त सन्दर्भमा समाजको समसामयिक  अवस्थाको जस्ताको तस्तै यथार्थ र दुरुस्त चित्रण  संयोग कथा सङ्ग्रहका कथाले गरेका छन् । कथा सङ्ग्रहमा समाजको सामाजिक अवस्था, संस्कार, संस्कृति, सभ्यता, प्रकृति, मानवीय भाव, राजनीतिक अवस्था, आर्थिक विभेद र असमानताजस्ता पक्षहरु प्रमुख विषय बनेर आएका छन् । विवेच्य सङ्ग्रहका कथाले समाजलाई केन्द्र बनाएर यथार्थताको अभिव्यक्ति दिएका छन । समाजका यथार्थ पक्षलाई देखाउन यस लेखमा पुस्तक पठन विधिको प्रयोग गरेर तथ्यहरू सङ्कलन गरिएको छ । सङ्कलित सामग्रीको विश्लेषण गर्दा वर्णनात्मक विधिको अवलम्बन गरिएको छ । गुणात्मक पद्धतिको सहयोग लिएर प्राथमिक सामग्रीका रूपमा कथाकार लामिछानेको 'संयोग' कथा सङ्ग्रहलाई मूल स्रोत मानेर अध्ययन तथा विश्लेषण गरिएको छ । सैद्धान्तिक एवम् अन्य विषयको उपयोगका लागि द्वितीयक सामग्री प्रयोग गरिएको छ । अतः निर्दिष्ट कथामा यथार्थताको खोजी गरिएकाले प्रस्तुत लेख पठन र अन्तर्पठनका दृष्टिले तथा सरोकारवाला पाठक तथा यथार्थताको अध्ययन गर्ने जो कोही अध्येताका लागि समेत उपयोगी रहेको छ ।*

*शव्दकुञ्जि :* आञ्चलिक, ढप, स्फुट, यथार्थ, सम्पदा

## विषयपरिचय

समाजको यथार्थ अभिव्यक्ति हुने एउटा माध्यम साहित्य हो । साहित्यभित्र दृश्य, श्रव्य र पाठ्य भेद रहन्छ । पाठ्य र श्रव्य भेदका रूपमा रूपकइतरका विधा रहन्छन् । साहित्यलाई अनेक विधाको समष्टि मानिन्छ । साहित्यभित्र काव्यजस्तै आख्यान पनि एउटा भेद हो । कथा र उपन्यासलाई समष्टिमा आख्यान भनिन्छ ।

कथा विधाको विकास गद्य शैलीका रूपमा भएको हो । गद्य ढाँचामा रहने कथालाई साहित्यिक विधाको गद्य ढाँचामा रहने विधा मानिन्छ । पूर्वीय तथा पाश्चात्य दुवै जगतमा कथाको आ-आफ्नै खालको मान्यता स्थापित भएको पाइन्छ (श्रेष्ठ, २०६०) ।

गद्यशैलीका रूपमा कथा विधाको विकास तथा जन्मसमेत भएकाले पुराऐतिहासिक र प्राक्ऐतिहासिक कालीन पुराकथा, परम्परा आरम्भ भयो । पौराणिक तथा लोककथा परम्पराको विकास पनि यसैगरी भएको हो (श्रेष्ठ र शर्मा, २०५९) । सोही सन्दर्भमा मानव जीवनको विशिष्टताको अध्ययन गर्न सहयोग पुग्ने कथा आयामका दृष्टिले एक बसाइमा पढेर सकिने विधा हो । यसको आयाम छोटो हुन्छ । पन्ध्र-बिस मिनेटमा पढेर सकिने यस विधामा कथात्मक तत्व क्रियाशील भएको हुन्छ । पद्य रचनामा झैँ कथामा पनि रचना विधानसँगै रुपविन्यासले पनि कथामा कथात्मकता थपेको हुन्छ । कथाको आयाम उपन्यासका तुलनामा निकै कम हुन्छ । कथा सँगालोका रूपमा रहेको यस कथा सङ्ग्रहमा रहेका सबै कथाहरू स्फुट कथाको शृङ्खलाका रूपमा रहेका हुन्छन् ।

कथाकार यादवप्रकाश लामिछाने वि.सं. २०११ असोजमा नेपालको पूर्वी क्षेत्र धनकुटा जिल्लाको छुम्लिङमा जन्मेका हुन् । उनले मानविकी तथा शिक्षाशास्त्र दुवै सङ्कायबाट नेपाली विषयमा स्नातकोत्तर गरी विद्यावारिधिसमेत गरिसकेका छन् । त्रिभुवन विश्वविद्यालयबाट सेवा निवृत्त भएका प्राध्यापक लामिछाने हाल नेपाल संस्कृत विश्वविद्यालयको उपकुलपतिका रूपमा कार्यभार सम्मालिरहेका छन् । प्राध्यापक लामिछानेका पाठ्यक्रम निर्दिष्ट पाठ्यपुस्तकहरू र समालोचना तथा सिर्जनाका पुस्तकहरू समेत प्रकाशित छन् । उनलाई चिनाउँदै एटमले (२०८०) ले 'संवादको आधिक्य, संस्मरणको प्रयोग, पात्रका सूक्ष्मतामा पुग्ने सामर्थ्य उनका कथाका सबलता हुन्' (लामिछाने, २०८०, पृ. ख बाट उद्धृत) भनेर उल्लेख गर्नुले कथाकार लामिछानेका कथाका प्रवाह र प्रभावको आँकलन गर्न सहयोग गर्दछन्।

कथाकार लामिछानेको *'संयोग'* कथा सङ्ग्रह फुटकर कथाहरूको सँगालो हो । यसमा आधुनिक कालका कथाकारका समसामयिक कथात्मक प्रवृत्तिको प्रभाव पाइन्छ । गुरुप्रसाद मैनाली, रमेश विकल, श्यामप्रसाद शर्माजस्ता सर्जकका सामाजिक, यथार्थ, आदर्श र प्रगतिवादी चेतले कथाकार लामिछानेलाई पछ्याएका छन् । समाजको रूपान्तरण चाहने लामिछाने समाजको यथार्थताका अतिरिक्त आदर्श मानवतावादी चेतसमेत प्रकट गर्दछन् । 'संयोग' कथा सङ्ग्रह यस्तै फुटकर कथाहरूको सँगालो हो । यस सँगालोभित्र १२ वटा कथाहरू समेटिएका छन् । कथाक्रममा रहेको पहिलो कथा *'फ्यासव्याक'*

*'शब्दाङ्कुर'* (२०७६) आश्विनमा प्रकाशित भएको तथ्य *'संयोग'* कथासङ्ग्रह (२०८०) ले पुष्टि गर्दछ ( लामिछाने, २०८०, पृ.१-८) ।

दोस्रो क्रमको '*द्विविधा*' कथा शब्दसंयोजन २०७६ कार्तिकमा प्रकाशित भएको छ । 'संयोग' कथा सङ्ग्रहभित्रको 'संयोग' कथा *'शब्द संयोजन'* २०७७ वैशाखमा प्रकाशित भएको फुटकर कथा हो । 'शुभकामना' कथा 'हिमाली गुराँस' २०७६ मा प्रकाशित छन् । *'साँधियार'* कथा आलेख २०७६ पौषमा प्रकाशित कथा हो । त्यस्तैगरी *'सुनौलो किरण'* कथा हिमाली गुराँस २०७७ मा नै प्रकाशित भएको छ ।

कथाकार डा.यादवप्रकाश लामिछानेको *'अन्तरपीडा'* कथा *शब्दसंयोजन* २०७७ पौषमा छापिन्छ । '*.अल विदा ! ढेना दाइ अलविदा !*' कथा सुलेख २०७७ श्रावणमा प्रकाशित हुन्छ । कथाकार लामिछानेको *'मुर्मा टप'* कथा *'नवप्रज्ञापन'* २०७७ श्रावणमा छापिन्छ । त्यस्तै 'अविरल यात्री' कथाको रचनाकाल पनि २०७७ साल भनेर उल्लेख भएको छ । सर्जक लामिछानेको *'ऐँठन'* कथा *'आलेख'* २०७८ पौषमा प्रकाशित हुन्छ । त्यस्तै यस सङ्ग्रहमा भएको अन्तिम कथा *'अन्तद्वन्द्व'* २०७८ वैशाखमा रचना भएको तथ्य *'संयोग'* कथा सङ्ग्रहबाट पुष्टि हुन्छ (लामिछाने, २०८०, पृ.९८) । कथाकार लामछिानेको 'संयोग' कथा सङ्ग्रहमा समेटिएका सबै कथाहरू फुटकर कथाका दर्जामा पर्छन् भन्ने तथ्य विवेच्य सँगालोले नै पुष्टि गर्दछ ।

कथाकार लामिछानेका अनेक व्यक्तित्व प्रकाशित छन् । उनमा आन्तरिक तथा बाह्य व्यक्तित्व प्रखर रूपमा प्रकट भएको पाइन्छ । उनमा सार्वजनिक र भाषिक व्यक्तित्वसमेत प्रखर रूपमा प्रकटित भएको छ । सम्पादक एवम् भूमिका लेखक व्यक्तित्व उनको अर्को गुण हो । समालोचकीय एवम् चिन्तक व्यक्तित्व उनको अर्को छुट्टै गुण हो । समालोचकीय एवम् चिन्तक व्यक्तित्व चाहिँ उनको पहिचानलाई फराकिलो पार्ने गुण हो (अधिकारी, २०७६) ।

'संयोग' कथा सङ्ग्रहलाई आधार मान्दा यो कथा सँगालोबाट कथाकार लामिछाने मूलतः यथार्थ सामाजिक घटनालाई जीवन्त बनाउन सफल देखिएका छन् । उनका कथामा सामाजिक यथार्थता प्रखर रूपमा देखिएको छ । कथामा यथार्थभित्र आदर्शको सङ्केत यथास्थान भएको पाइन्छ । कथामा कतै आदर्शको झल्को पाइन्छ त कतै सुधारको सङ्केत भेटिन्छ । नीतिचेतनाको अभिव्यक्ति पनि छिटफुट रूपमा पाइन्छ । तराईली समाजका खास गरेर सतार जातिको यथार्थ अवस्था चित्रण छ । अन्धविश्वास, रुढिग्रस्त चेत, जात्रा तथा पर्वका नाममा गरिने अनावश्यक ढाँचा ढर्राले परिवारको थातवास नै उठेको अवस्था पनि सजीव रूपमा चित्रित भएको पाइन्छ । आर्थिक दुरावस्थाको सजीव प्रस्तुति छ । निम्न वर्गका पक्षमा वकालत गरिएको भेटिन्छ । गरिब र असहायलाई सहयोग गर्नु

आदर्शवादी चेतमात्र नभई मानवतावादी भावसमेत मुखरित छ । प्रवासी जनजीवनका सरल जटिल दुवै भावलाई कथाकार लामिछानेले डायस्पोरिक शैलीमा पस्केका छन् । समाज प्रेम र मानव प्रेमको भाव कथामा यथार्थ भएर अभिव्यक्त भएको छ ।

'संयोग' कथा सङ्ग्रहमा अभिव्यक्त यथार्थ नै यस अनुसन्धानको विषय हो । सर्जक यादवप्रकाश लामिछाने रचित 'संयोग' मा अभिव्यक्त यथार्थको खोजी गर्नु यस अनुसन्धनात्मक लेखको मूल प्रयोजन हो । यथार्थको खोजी गर्ने क्रममा वैचारिक सामाजिक यथार्थ कसरी र कुन रूपमा प्रस्तुत भएको छ ? यसको खोजी गरी तथ्य पुष्टि गर्नु पनि अनुसन्धान वा खोजको विषय हो । यथार्थ अभिव्यक्त गर्ने क्रममा सर्जक लामिछानेले नेपाली सामाजिक परिवेश, सरल ग्रामीण नागरिकहरू र उनीहरूको स्वाभाविक उपस्थिति र व्यवहारका बिच रहेको यथार्थलाई पस्केका छन् । 'संयोग' कथा सङ्ग्रहमा रहेको यथार्थ अभिव्यक्तिको पहिचान गर्ने र अभिव्यक्ति प्रयोगको तरिकाको अध्ययन गर्नु यस अध्ययनको समस्याकथन हो ।

कथाकार यादवप्रकाश लामिछानेका कथामा पाइने यथार्थताको पहिचान गरी विश्लेषण गर्नु यस लेखको उद्देश्य रहेको छ । साथै प्रस्तुत अध्ययन कथाकार लामिछानेको 'संयोग' सङ्ग्रहमा अभिव्यञ्जित यथार्थको खोजीमा केन्द्रित छ । कथामा विविध प्रकृतिका यथाथ यथार्थको प्रस्तुतिका दृष्टिले विवेच्य कथा सामाजिक, नैतिक, आर्थिक, प्राकृतिक, राजनीतिक, आदर्श अभिव्यक्तिजस्ता प्रस्तुतिका दृष्टिकोणले औचित्यपूर्ण छ । त्यसैगरी अनुसन्धान तथा खोजमा लाग्नेहरूका लागि यो अध्ययन औचित्यपूर्ण रहेको छ । स्वअध्ययनमा लागेर ज्ञान विस्तार गर्नेका लागि समेत यसको औचित्य छ । जो कोही शोधार्थी वा सामान्य लेख पढमा लाग्नेका लागि समेत यस अनुसन्धानात्मक लेखले जो कसैलाई थप ज्ञान र सिप लिन र सिक्न योगदान गर्ने छ । 'संयोग' सङ्ग्रहमा अभिव्यञ्जित यथार्थ खोजी गर्नेका लागि त यो अध्ययन थप सहयोगी र सार्थक रहने छ ।

यस लेखले कथामा अभिव्यञ्जित यथार्थको अध्ययनका सन्दर्भमा स्थानिक, सांस्कृतिक, शोषण दमन र चरम स्वार्थ जस्ता पक्षलाई मात्र आधार बनाइएको छ । उक्त आधारमा मात्रै सकथासङ्ग्रहको विश्लेषण गरिएको छ ।

साहित्य र ज्ञान विज्ञानका क्षेत्रमा पुनर्जागरण कालको उदयसँगै यथार्थवादी चेत देखा परेको हो । यो ईशाको लगभग १६ औँ शताब्दी सेरोफेरोको समय हो (श्रेष्ठ, २०७८) । वस्तुगत सत्य नै यथार्थ हो । जे छ वा देखिन्छ, त्यही भन्नु वा बताउनु नै यथार्थ हो । आफ्ना अगाडि जे देखिएको वा भेटिएको छ त्यही सत्य हो र त्यही नै यथार्थ हो । यथार्थले आफूले देखेको वस्तुगत कुरामा विश्वास राख्छ ।

यसको सम्बन्ध यथार्थवादसँग रहेको हुन्छ । जे देखिन्छ त्यो प्रकृतिमा हुने भएको हुँदा प्रकृति र प्रकृतवाद पनि यसका सहयोगी बन्न पुग्छन् ।

प्रस्तुत कथा सङ्ग्रहमा यथार्थ पक्ष तथा आयामलाई अध्ययनको मूल आधार बनाइएको छ । समाज र मानवका बिचको सम्बन्धले देखाउने वास्तविकतालाई 'संयोग' कथा सङ्ग्रहमा दुरूस्त उतारिएको छ । समाज र हाम्रा बिच भएको यथार्थतालाई वस्तुगत आँखाले हेरेरे त्यसलाई यथार्थवादी साहित्यका रूपमा ग्रहण गर्ने हाम्रो परम्परा रहेको छ ।

यथार्थताको अध्ययन निरपेक्ष हुँदैन । यो साहित्यमा खोजिने विषय हो । यथार्थ पक्षको अध्ययन गर्दा न्यूनतम रूपमा समाजको अध्ययन गरिन्छ । समाजको अध्ययन गर्दा समाजको सामाजिक पक्ष, सामाजिक परिवर्तन, सत्यम् , सुन्दरम्जस्ता प्रभावकलाई विशेष ध्यान दिइन्छ । 'वस्तुको यथार्थ प्रकृतिबाट कलाको सिर्जना हुँदैन भन्ने मान्यता यथार्थवादको छ । वस्तु जस्तो छ, त्यस्तै प्रस्तुति यथार्थतावादको मान्यता हो' (अधिकारी र अन्य, २०७९) ।

यथार्थताको बाह्य पक्षसँग समाजको भौतिक पक्ष प्रत्यक्ष रूपमा जोडिएको हुन्छ । समाजसँग सम्बन्ध जोडिने पक्षमा राजनीति, अर्थनीति, वर्गनीति, लिङ्ग नीतिजस्ता प्रशस्त पक्षको सजीव संयोजन भएको हुन्छ । यसरी संयोजन भएर प्रस्तुत भएको वस्तुगत सत्य नै सामाजिक पक्ष हो । समाजमा परिवर्तन चाहनु त्यहाँका नागरिकको स्वाभाविक पहिचान हो । मान्छेका इच्छाअनुसार समाजमा फेरवदल हुन सक्छ । समाजमा भएको यही फेरबदल  नै परिवर्तन हो । वस्तुगत यथार्थमा भौतिक वा बाह्य जीवन जगत वस्तु यथार्थ हो । साहित्यिक यथार्थले भने सामाजिक यथार्थलाई अँगाल्दछ (आचार्य, २०६७, पृ. १९४) । यसरी परिवर्तन हुने अवस्थाको सम्बन्ध यथार्थतासँग रहेको हुन्छ । समाजको सामाजिक व्यवस्थामा आउने फेरबदललाई सामाजिक परिवर्तनका रूपमा अध्ययन गरिन्छ । यस किसिमले हुने परिवर्तन समाजको संरचनामा भएको परिवर्तन हो ।

समाज भन्ने बित्तिकै यसका अनेक संरचना र संयन्त्र हुन्छन् । वर्गीय, लैङ्गिक, आर्थिक, राजनैतिक आदि यस्तै संयन्त्र हुन् । यी र यस्तै संयन्त्रका योगले समाजको स्वरुप खडा भएको हुन्छ । समाजका यस किसिमका पक्षहरूको वस्तुगत चरित्रलाई यथार्थतासँग जोडेर अध्ययन गर्ने गरिएको छ । प्रस्तुत अध्ययनमा समाजका यथार्थ सामाजिक पक्षलाई 'संयोग' कथा सङ्ग्रहसँग जोडेर विश्लेषण गरिएको छ ।

## विधि र सामग्री

कथाकार यादवप्रकाश लामिछानेबाट रचित 'संयोग' कथा सङ्ग्रहमा वि.सं.२०७६ देखि २०७८ को सेरोफेरोसम्मका फुटकर कथाहरू समेटिएका छन् । उक्त कथाहरू त्यस समयका विभिन्न पत्रपत्रिकामा छापिएका छन् । यस कथा सङ्ग्रहमा १२ वटा कथाहरू रहेका छन् । कथा सङ्ग्रहका १२ वटा कथा नै प्राथमिक स्रोत हुन् भने अध्ययनका सन्दर्भमा अपनाइएका सैद्धान्तिक प्रकृतिका सामग्री नै द्वितीयक स्रोतका रूपमा प्रयोग भएका छन् । साथै पुस्तकालयलाई आधार बनाएर मूल सामग्रीको सङ्कलन गरिएको छ । यसरी सङ्कलन गरिएका आधिकारिक सामग्रीलाई आधार बनाएर अध्ययन तथा विश्लेषण गरिएको छ । प्राथमिक स्रोतका सामग्रीलाई केन्द्र बनाएर तिनको अध्ययन गरी विश्लेषण गर्दै निचोड निकालिएको छ । व्याख्यानका क्रममा कथाकार लामिछानेको 'संयोग' कृतिलाई विविध यथार्थको प्रस्तुतिका लागि मूल दृष्टान्त बनाइएको छ ।

कृतिको समीक्षा गर्दा मूल कृति बाहेकका सामग्री पनि सङ्कलन गरिएको छ । कृति समीक्षार्थ सन्दर्भ पुस्तक, शोध सामग्रीसमेत सङ्कलन गरिएको छ । अध्ययन तथा विश्लेषण गर्दा प्राथमिक मानक सामग्रीलाई पहिलो अनिवार्य सर्तमा राखिएको छ । गुणात्मक विधिका माध्यमबाट कृति विश्लेषण गरिएको छ ।

## नतिजा र छलफल

यस लेखमा कथामा व्यक्त भएका यथार्थका विभिन्न अवस्थालाई पृथक् पृथक् उपशीर्षक बनाएर समीक्षा गरिएको छ । यस क्रममा कथाकार जिम्मेवार भएर समसामयिक सामाजिक अवस्था र उक्त अवस्थाका माध्यमबाट यथार्थ कथा व्याथाको सन्दर्भ प्रस्तुत गरेका छन् । कथामा सामाजिक, सांस्कृतिक, राजनीतिक, नैतिकजस्ता पक्षलाई स्वाभाविक ढङ्गले उठाइएको छ ।

कथा सङ्ग्रहमा उठाइएका विषयले सामाजिक राजनीतिक स्थितिको दृश्यावलोकन गराउँछन् । समाजको यथार्थ अवस्थालाई सर्वाङ्ग रूपमा चित्रण गर्दछन् । कथाका पात्र मानसिक रूपमा असन्तुलित देखिन्छन् । आन्दोलित भावना पाइन्छ । परिवेश चित्रण स्वाभाविक छ । यात्री, आत्मीयता, हार्दिकता, गरिबी, अभाव, समस्या, भोकमरी, अन्धविश्वास, आञ्चलिक उपस्थिति, भौगोलिक विकटता, मानवीय संवेदनाजस्ता पक्षहरू कथामा सजीव भएर आएका छन् । मनमा राष्ट्रिय भाव र तनमा आर्थिक सुख सुविधाका लागि अमेरिका आदि मुलुकमा जानेहरूको मनोभावनाको कलात्मक चित्रण छ । 'संयोग' कथा सङ्ग्रहमा अभिव्यक्त यथार्थलाई विभिन्न उपशीर्षकको निर्माण गरी व्याख्या गरिएको छ ।

**स्थानिक परिवेश**

'संयोग' कथा सङ्ग्रहका सर्जक यादवप्रकाश लामिछानेका कथामा स्थानिक परिवेशको यथार्थ चित्रण भएको पाइन्छ । कथा व्यवहृत स्थानीयताको चित्रणले नेपाली परिवेशलाई जस्ताको तस्तै उतारेका छन् । केही दृष्टान्त निम्न छन् :

पश्चिमतर्फ ताडी र खजुरका होचा अग्ला देखिने रुखैरुखै । उत्तर दक्षिण बगेको चिसाङ खोला ( लामिछाने, २०८०, पृ. १) ।

मोरङ जिल्लाको उत्तरी क्षेत्रको राजमार्गसँगै रहेको वनजङ्गल र दक्षिणतिर रहेको आवादी वस्तीलाई यसले चित्रण गरेको छ ।

शुक्रबार लाग्ने दलेली हाट र तराईको झल्को दिने सुन्दर बजार छ, नजिकै कानेपोखरी रङ्गेली सडकमै । ठुलो पशुहाट दोमना बजारको उल्लेख छ । सवारी साधनमा साइकल र गोरु तथा राँगा गाढा छन् (लामिछाने, २०८०, पृ.२) ।

"धनकुटा जिल्लाका रातमाटे, भदौरे, बन्नेटार, मुगाली गाउँ, जलजले, लाटे भन्ज्याङजस्ता ठाउँको चर्चा छ (लामिछाने, २०८०) । यस्तै मोरङको पथरी र मैनाबारीको पनि चित्रण गरिएको छ ।

'अविरल यात्री' कथामा कोटेश्वरको सेरोफेरो र काठमाडौँली परिवेशको चित्रण छ । त्यस्तै देशका विभिन्न स्थानका रूपमा चैनपुर, भोजपुर, चन्दनपुर, सन्दकपुर, गौरीगञ्ज, वीरगञ्ज, विराटनगर, कृष्णनगर, पशुपतिनगरजस्ता स्थानको सजीव चित्र कोरिएका छन् । त्यस्तै गरी बेलटार, रुम्जाटार, भेडेटार, तुमिलङटार, रामेछापको साँधुटारजस्ता स्थानहरुको स्वाभाविक प्रस्तुति छ (लामिछाने, २०८०) । पाल्पाको मदन पोखरी, धनकुटाको महामाया, लक्ष्मी र लेगुवा खोला, अरुण किनारको च्यावा बेँसी, मुगुको रारा, बाग्लुङको खर्बाङ, पाँचथरको फिदिमसम्मको जीवन्त चित्रण छ । यी तथ्यले स्थानिक परिवेशलाई यथार्थ चित्रण गरेका छन् । स्थानीय परिवेशको सजीव चित्रणमा 'अविरल यात्री' कथा स्मरणका शैलीमा रचिएको मार्मिक आञ्चलिक कथा हो । यस कथाले हरि वैरागी दाहालको राजनीतिक तथा सामाजिक अभियानलाई सबल ढङ्गले चित्रण गरेको छ ।

**संस्कृति चित्रण**

यादवप्रकाश लामिछानेको प्रस्तुत 'संयोग' कथा सङ्ग्रहमा परेको पहिलो कथामा सतार समुदाय र संस्कृतिको चित्रण छ । यहाँ झाँगडहरूको बस्ती पनि छ । सतारहरू कालीको पूजा आराधनाका लागि मोरङ जिल्लाको रंगेलीमा रहेको कालीथानसम्म पुग्छन् ।

कथा सङ्ग्रहभित्र व्यावहारिक भावका अतिरिक्त सांस्कृतिक कर्ममा पनि सहभागिता जनाएको देखिन्छ । 'जन्ती' जान पनि भ्यायो । मलामी पनि गयो (लामिछाने, २०८०, पृ. ७८) । माथिका तथ्यले संस्कार र संस्कृतिलाई यथार्थ रूपमा प्रस्तुत गरेका छन् ।

**बेइमानी, चरम स्वार्थ, धोका**

केही टाठाबाठाहरूले तराईका सतार, झाँगड, राजवंशी समुदायका सदस्यको कमजोरीको फाइदा उठाएर उनीहरूको उठिबास लगाएका यथार्थ घटनालाई कथामा सजीव बनाएर प्रस्तुत गरिएको छ । केही नमुना यस्ता छन् :

जाँड रक्सीको कुलतमा लाग्दाको फाइदा उठाएर टाठाबाठा पहाडेहरूले केही सस्तोमा र केही किर्ते जालसाजी गरी घरबास उठाएका नमिठना घटना पनि ताजै छन् (लामिछाने, २०८०, पृ. २) । प्रस्तुत तथ्यले मान्छेले गर्ने बेइमानी र धोखाको चित्रण गरेको छ । यो यथार्थ सामाजिक घटना हो । यसले समग्र नेपाली समाजको चित्रण गर्दछ ।

'ऐँठन' कथामा कथाकार लामिछाने मान्छेको स्वार्थी प्रवृत्तिलाई चित्रण गर्दछन् । मान्छेले मान्छेलाई गर्नुपर्ने मानवीय सहयोग गर्नुको सट्टा उल्टै परपर भाग्छन् भन्ने यथार्थ एउटी कृषक महिला आफ्नो पतिलाई सरकारी सुरक्षाका मान्छेले लिएर गएपछि चित्रित भएको यथार्थ चित्रण भएको छ । कथाकार उक्त अवस्थालाई यसरी प्रस्तुत गर्दछन् :

मान्छेको जात ! सहयोग गर्नु के छ ? कसो छ ? के भएको हो ? किन आएकी ? भनेर सोध्नु त कता हो कता किन पर पर भाग्छन् ? मनमनै सोची (लामिछाने, २०८०, पृ. ८९) ।

**शोषण, दमन र समाज रूपान्तरण**

कथाकार यादवप्रकाश लामिछानेका कथा शोषण र दमनलाई प्रत्यक्ष अनुभूत गर्न सक्ने गरी प्रस्तुत भएका छन् । शोषण, दमनको यथार्थ चित्रण गर्नु कथाकारको मूल प्रवृत्ति पनि हो । तराईली समाजमा सतार, झाँगड, मुसहर, राजवंशी शोषण र दमनका मारमा परेका छन् । कथाकार लामिछानेले शोषण र दमनको रूप यसरी प्रस्तुत गरेका छन् :

'त्यो धेरै पापी छ ।'

बहुत खराब आदमी छ ।

'अपराधी छ ।'

कसरी नि ?

के भयो ?

मेरो जिज्ञासा थियो ।

'हामी त गरीब आदमी छ हुजुर, फेरि हाम्रो घरबास उठाइलिन्छ यसले'

(लामिछाने, २०८०, पृ. ४) ।

शोषण दमनको अर्को दृष्टान्त यस्तो छ :

जेठा बा ! तिमीले सकेको गर । सक्छौ भने अझ शोषण गर (लामिछाने, २०८०, पृ. ८०) । समाजमा हुने शोषण र दमनले समाजको रूपान्तरणको बाटो खोल्दछ । समाजको रूपान्तरणका लागि सामाजिक कर्म, सांस्कृतिक कर्म, आर्थिक कर्म आवश्यक छन् । मानिसलाई विभिन्न काम र पेसामा लगाउन र स्वरोजगार बन्ने अवस्था सिर्जना गर्न सक्ने बनाउने कामले समाजको रूपान्तरण हुन्छ ( लामिछाने, २०८० ) ।

## यौन दुर्व्यवहार र बलात्कार

समाजका विषाक्त पात्रलाई कथाकार कतै यौन दुर्व्यव्यवहारको सङ्केत गरेर चित्रण गर्दछन् त कतै बलात्कारमा उत्रेको अवस्थाबाट बताउँछन् । यी दुवै समाजका रोग हुन् । यो यथार्थ कथाकार लामिछानेका कथामा पाइन्छ । यसले हाम्रो समाजको अवस्था के छ ? स्पष्ट पार्दछ । 'अन्तरपीडा' कथाभित्रका अनुका पीडा कसले बुझ्ने ? अनु त एउटी प्रतिनिधि पात्र मात्र हो । यस्तो घटना हाम्रो समाजमा छ्यास्छ्यास्ती छन् । बाहिर प्रकट मात्र नभएका हुन् वा हुन नसकेका हुन् । एउटी नारी घर परिवारभित्र नै असुरक्षित छ भने अन्यत्रको के कुरा भयो र ? 'फ्यासब्याक' कथामा लामिछाने यसरी यौन दुर्व्यवहारको सन्दर्भ प्रस्तुत गर्छन् :

'हाम्रो परिवारमाथि आइलाग्ने, छोरीमाथि नराम्रो काम गर्ने अनि बहुमाथि आँखा लगाइ लिने' ( लामिछाने, २०८०, पृ. ७) ।

## अन्तरराष्ट्रिय आञ्चलिक परिवेश चित्रण

कथाकार लामिछानेका कथा स्वदेशदेखि विदेशसम्मको सीमामा फैलिएका छन् । कथाकार लामिछानेका कथाका विषयले राष्ट्रिय आञ्चलिक परिवेशका अतिरिक्त बाह्य विदेशी भूमिसमेत कथाको कार्यस्थल बनाएका छन् । खाडी मुलुक र मलेसियाको सन्दर्भ पनि कथामा आएको छ । स्टुडेन्ट भिसामा युएस उडेको कथा छ । विदेश प्रवासिएकाहरूको दुःखद कथाको मार्मिक चित्र लामिछानेका कथाले बताउँछन् । पढ्न भनेर विदेश गएका पात्र पढ्न त कता हो कता राम्रोसँग बस्न समेत पाउँदैनन् ।

कोठा सेयर गरेर बस्नुपर्ने बाध्यताले कैयौँलाई निकै अप्ठ्यारोमा पार्छ भन्ने कुरा 'द्विविधा' कथाले स्पष्ट्याउँछ ।

**डायस्पोरिक चेतना**

पात्रहरू आफ्नो थातथलो छोडेर अन्यत्र जान बाध्य हुन्छन् । स्वदेशभित्र पनि ग्रामीण पहाडी भेग छोडेर तराई, तराई छोडेर सुविधा सम्पन्न स्थान देशको राजधानीमा आएर बसोबास गर्दछन् । यसले पनि मानिसका मनमा आफ्नो जन्मस्थलप्रतिको सम्झना र मोह देखिन्छ । अझ देशै छोडेर प्रवास पस्नेका लागि त आफ्नो जन्मस्थल, आफ्नो देश, आफन्तका सम्झनाले सताइरहन्छ । उनको तनमात्र विदेशमा हुन्छ । कठोर श्रम गरेर आर्जन गरेको रकम आफ्ना र आफन्तका लागि जोहो गरेर हर्दम देशको आफ्नो सभ्यता, संस्कार, संस्कृतिको मोहमा डुबेको हुन्छ । विदेशी भूमिमा मनाइने चाडपर्व, उत्सव र मेलामा सहभागी भए पनि उसको मन भने स्वदेशमा रमाइरहेको हुन्छ (लामिछाने, २०८०) । यही यथार्थलाई कथाकार लामिछानेले प्रस्तुत गरेका छन् ।

**राजनीतिक अवस्थाको चित्रण र सांस्कृतिक विचलन**

सर्जक लामिछानेका कथामा राजनीतिको सग्लो चित्र कोरिएको पाइन्छ । समाजमा राजनीतिक रूप अनेक आयामबाट घटित भइरहेको सन्दर्भलाई कथाकार लामिछाने कुशलतापूर्वक उद्घाटन गर्न सक्छन् । राजनीति र यसको सेरोफेरोमा रहेको संस्कृति अनि सांस्कृतिक विचलनलाई पनि उनले यथार्थ रूपमा प्रस्तुत गरेका छन् । केही दृष्टान्त यसरी प्रस्तुत गर्न सकिन्छ :

'तरहरा आमगाछीदेखि तपाईको कोठासम्मको यात्रामा भने मैले तपाईलाई चिनेँ (लामिछाने, २०८०) ।

'किन नचिन्नु नि, सेल्टर दिने मान्छेलाई' (लामिछाने, २०८०, पृ. २०) ।

आवरणमा मास्टरी अनि भूमिगत रूपमा अर्कै काम गर्नुहुँदो रहेछ' (लामिछाने, २०८०, पृ. ४१) ।

'सङ्घम शरणम् गच्छामि' भन्यो र सङ्गठन गर्दै राजनीति गर्न सिकायो (लामिछाने, २०८०, पृ. ८०) ।

'चैनपुरको टुँडिखेलको आमसभामा जनता, जनजीविका, मानवअधिकार, स्वतन्त्र अभिव्यक्त तथा मार्क्सवादको सिर्जनात्मक प्रयोग मार्फत् मौलिक विचारको विकासमा लाग्नुपर्ने हाम्रो कार्यभार हो' ( लामिछाने, २०८०, पृ. ८१) । 'खोई आफन्त, नातागोता केही छैनन् । कोही आवतजावत छैन त ? यसो कहिलेकाँही नातागोता कहाँ जाने आउने र आफ्ना बोलाउने गर्दा हुँदैन ?' (लामिछाने, २०८०, पृ. ३१) ।

यस तथ्यले राजनीतिक र सांस्कृतिक विचलनको यथार्थ चित्रण गरेको छ ।

## राष्ट्रियता, राष्ट्रप्रेम र राष्ट्रवादको प्रस्तुति

कथाकार लामिछाने आफ्ना कथामा राष्ट्रप्रेमको अनुपम भाव प्रस्तुत गर्दछन् । उहिले नालापानीको लडाईमा नेपालीहरू राष्ट्रका लागि लडेका थिए भन्ने सन्दर्भ जोड्दै अहिले नेपालीहरु छिमेकीका कुदृष्टिलाई असफल पार्न लागेको बताउँछन् (लामिछाने, २०८०) ।

राष्ट्रवादी भाव व्यक्त गर्दै 'साँधियार' कथामा कथाकार यसो भन्छन् 'खोलै फर्काउँछु भन्ने भावलाई राष्ट्रवादी चेतका रूपमा कथाकारले प्रस्तुत गरेका छन् (लामिछाने, २०८०) । 'पूर्वपश्चिम फैलिएको मेरो जग्गाको साँध सिमाना राति नै मेरोतिर सारेछ (लामिछाने, २०८०, पृ. ३७) ।

## सीमा समस्याको प्रस्तुति

'साँधियार' शीर्षकको कथामा कथाकार लामिछाने थेत्तरो र नकच्चरो साँधियारको सन्दर्भका माध्यमबाट नेपालको भारततर्फका सीमा क्षेत्रमा देखिएका सीमा सम्बद्ध ज्वलन्त समस्यालाई दुरुस्त चित्रण गर्दछन् । सीमा नाकाबाट म तँलाई तेल दिन्न भन्ने घुर्की लगाउँछ भनेर नेपालको पूर्व, पश्चिम र दक्षिण, सीमाको छिमेकी भनेको र बेलाबेलामा नाकाबन्दी समेत गरेको घटना स्मरण गराउँछन् ( लामिछाने, २०८०) । पूर्वपश्चिम फैलिएको मेरो जग्गाको साँध सिमाना लगाएको ढुङ्गो राति नै मेरैतिर सारेछ । त्यति मात्र हो र ? प्राकृतिक सीमा यो होइन भन्दै कृत्रिम साँध सीमा लगाउन पनि पछि परेन (लामिछाने, २०८०, पृ. ३७) ।

## प्राकृतिक सम्पदा र सुन्दरता

कथाकार लामिछाने आफ्ना कथामा देशको सुन्दरता, सम्पन्नता, विविधता र सम्पदा पक्षलाई यथार्थ ढपमा प्रकाशित गर्दछन् । कथाकार मेरो हिमाली सौन्दर्य भनेर वकालत गर्दछन् । प्राकृतिक सम्पदाका दृष्टिले विश्वको ध्यान यतैतिर केन्द्रित छ (लामिछाने, २०८०) । सर्जक लामिछानेले नेपालको मुगु जिल्लाको रारा तालको सौन्दर्य चित्रणमा मुर्मा टपको प्रसङ्ग जोडेका छन् । हिमाल, पहाड र तराईको विविध सौन्दर्यको यथार्थ चित्रण गरेका छन् ।

## यथार्थवादी आदर्शको प्रस्तुति

कथाकार लामिछाने 'अन्तरपीडा' कथामा हाम्रो यथार्थतालाई आदर्श बनाएर अगाडि बढ्नुपर्ने कुरा बताउँछन् । अब सच्चा जीवन जिउनुपर्छ । जीवनमा केवल अँध्यारो पाटोमात्र छैन झलझली घाम लागेको पनि देख्न सकिन्छ (लामिछाने, २०८०) । कथाकार 'अविरल यात्री' कथामा यथार्थभित्रको आदर्श चरित्र यसरी प्रस्तुत गर्दछ, -'निहुरेको देखियो तर झुकेको देखिएन । सिँढी उक्लियो तर दम्भ उक्लिएन ।

लोकप्रियता चुलियो । घमण्ड चुलिएन । स्वार्थ देखिएन । आकाङ्क्षां थियो तर महत्वकांक्षा थिएन ( लामिछाने, २०८०, पृ. ७७) । उपर्युक्त तथ्यले कथाकार लामिछाने आफ्ना कथामा समाजका विविध यथार्थलाई दुरुस्त चित्रण गर्दछन् भन्ने पुष्टि गर्दछ ।

**समाज मनोविज्ञान र संवेदनाकको प्रस्तुति**

सर्जक लामिछानेका कथामा समाजको मनोदशा सजीव भएर प्रस्तुत भएका छन् । समाजलाई प्रस्तुत गर्दा कथाकार लामिछाने लैङ्गिक दृष्टिलाई जस्ताको तस्तै प्रस्तुत गर्दछन् । 'अन्तरपीडा' कथाले समाज मनोविज्ञानलाई सजीव बनाएर प्रस्तुत गरेको छ । समाजमा नारी र पुरुषका सन्दर्भलाई विषय बनाएर कथाकार यसरी आफ्नो कथात्मक भाव प्रस्तुत गर्दछन्, जबसम्म पुरुष मानसिकताले ठाउँ पाउँछ नि तबसम्म नारीले नारी भएर बाँच्न पाउँदिन (लामिछाने, २०८०, पृ. ५४) । यहाँ व्यक्त भावले समाजको मनोविज्ञानलाई दुरुस्त चित्रण गरेको छ ।

कथाकार लामिछाने 'ऐँठन' कथामा समाजकका मानिस अर्को सदस्यलाई आइपर्ने दुःख, पीडा र संवेदनाको भावलाई प्राथमिकता दिदैनन् भन्ने तथ्य यसरी प्रस्तुत गर्दछन्- 'भीडमा पनि उसले आफूलाई एक्लो ठानी । मान्छेको व्यवहार देखेर बोलीचाली गर्नु, मित्रता बढाउनु केवल ढौँग मात्र हो भन्ने सोची' (लामिछाने, २०८०) ।

**परिवर्तन, उन्नति र प्रगति**

कथाकार आफ्ना कथामा परिवर्तनले उन्नति र प्रगति ल्याउनुपर्छ भन्ने मत राख्छन् । यो समयको प्रवाह र अन्तरालमा आउने स्वाभाविक प्रक्रिया पनि हो । अजय र अनुको संवाद कथनमा कथाकार अब समाजका गलत मनोविकारको जरै उखेल्नुपर्छ भन्छन् (लामिछाने, २०८०, पृ. ५५) । कथाकार 'संयोग' शीर्षक सङ्ग्रहको अन्तिम कथामा परिवर्तन प्राकृतिक कुरा भएकाले हामी पनि समयअनुसार स्वतः परिवर्तन हुनुपर्छ भन्ने मत राख्छन् । जीवन भनेको परिवर्तन नै हो । यो पोखरीझै जम्ने होइन, नदीझैँ बगिरहने हो (लामिछाने, २०८०) ।

**सकारात्मक आशावादी सोच**

कथाकार लामिछानेका कथा सकारात्मक सोच र आशावादी स्वरले सुसज्जित छन् । कथाकार स्वयम् पनि सकारात्मक सोचका खानी छन् । उनले यो भाव आफ्नो जीवनमा दुरुस्त उतारेका छन् । एउटा दृष्टान्त गद्यांशबाट यसलाई प्रस्तुत गर्न सकिन्छ :

'अजय ! तिमीले मात्र अन्तरपीडालाई बुझ्न सक्छौं । हामी दुवैको प्रयासले सार्थकता पाउनुपर्छ, सार्थकता (लामिछाने, २०८०, पृ. ५५) ।

**धार्मिक सांस्कृतिक भाव**

हाम्रो सामाजिक परम्परा बहुसांस्कृतिक छ । हामी सबै आ-आफ्नो संस्कृति, संस्कार र धार्मिक विश्वास तथा मतबाट चल्छौँ । कथाकारले तराईका सतार जातिको सांस्कृतिक-धार्मिक चेतलाई जस्ताको तस्तै दुरुस्त बनाएर प्रस्तुत गरेका छन् । 'एउटा त्यस्तो दृष्टान्त यस्तो छ :

'कालीको आराधरामा ज्यादै लाग्थे । साथीभाइका कुरा मान्दथे । काली पूजामा रङ्गेलीको काली मन्दिर जान छुटाउँदैनथे (लामिछाने, २०८० : ५७) ।

प्रस्तुत दृष्टान्तले सतार समुदायका ढेना दाइका माध्यमबाट तराईली र सतार समुदायको चित्रण गरेका छन् ।

**सामाजिक, आर्थिक विषमताको चित्रण**

कथाकार लामिछानेले नेपालको पूर्वी तराईको मोरङ जिल्लालाई केन्द्र बनाएर सामाजिक आर्थिक विभेद र विषमतालाई केलाएका छन् । सतारबस्ती भएका खास खास क्षेत्रलाई प्राथमिकता दिएर त्यहाँको जीवन भोगाइको चित्रण गरेका छन् । मैनावारी, होक्लाबारी, विसनपुर र निशानथानको विशेष चित्रण गरेका छन् । ऋण लिने र तिर्ने बेलासम्म ऋणको भारले खेतै बुझाउने आर्थिक मारमा परेका सतार समुदायको यथार्थ चित्रण गरेका छन् (लामिछाने, २०८०) । सामाजिक आर्थिक विभेदको दृष्टान्त बताउने यो यथार्थ नमुना हो ।

सतार जातिमा अन्धविश्वासले गहिरो जरा गाडेको तथ्य कथामा प्रस्तुत छ । ढेना दाइ पखाला लागेर ग्रस्त हुँदा जीवनजल पानी खान र खुवाउन नदिएको प्रसङ्ग यथार्थ छ । कथाकार स्वयम् पनि उक्त अवस्थामा अवाक् बन्न पुग्दछन् । काठमाडौँमा दयावीर सिंह कंसाकारले यही रुढिग्रस्त चिन्तन र अन्धविश्वासले पखाला लागेर आफ्नी आमा गुमाएको सन्दर्भ पनि यहाँ तुलनीय देखिन्छ ।

**माओवादी विद्रोहको चित्रण**

कथाकार यादवप्रकाश लामिछानेले 'संयोग' कथासङ्ग्रहमा विद्रोहलाई दुरुस्त चित्रण गरेका छन् । विद्रोही पक्ष माओवादीले गरेको विद्रोह राज्यमा सकारात्मक परिवर्तनका लागि भएको सङ्केत गरेका छन् । गाउँबस्तीमा उनीहरूका सबै परिवारका सदस्य यही घटनाका कारण पलायन भएका छन् भन्ने सन्दर्भ प्रस्तुत गर्दछन् ।

'ऐँठन' कथामा प्रस्तुत भएको समाज र समाजका सदस्यको अवस्थालाई कथाकार यसरी प्रस्तुत गर्दछन् । 'दोहोरो मारमा कतिञ्जेल बाँच्ने । कहाँ जाने ? निल्नु न ओकल्नु भो गाउँको बसाइ । बसौँ त

कतिबेला बढेका हुर्केका छोराछोरी हामी लैजान्छौँ भन्दै आउने । उता जङ्गलीलाई भात ख्वाइस ? भनेर राज्य पक्षले धरपकड गर्ने (लामिछाने, २०८०) ।

प्रस्तुत भएका तथ्यले माओवादी विद्रोही र सरकार पक्षीय सेना दुवैको मार खानुपरेको यथार्थ पीडा प्रस्तुत भएको छ । फन्दामा एउटा सरल कृषक पर्छ र कृषक पत्नी प्रताडित बन्छे । यो त एउटा प्रतिनिधि घटना हो । यस्ता घटना अवर्णनीय छन् ।

## निष्कर्ष

कथाकार यादवप्रकाश लामिछानेका 'संयोग' कथासङ्ग्रहभित्रका कथाहरूले समाजका यथार्थको अभिव्यक्ति दिएका छन् । विवेच्य कथा सङ्ग्रहमा रहेका १२ वटा कथा ९८ पृष्ठमा समेटिएका छन् । यथार्थ विषय प्रस्तुत हुनु र तिनले समाजलाई जस्ताको तस्तै प्रस्तुत गर्नु कथा सँगालोको प्राप्ति तथा उपलब्धि हुन् । कथा सङ्ग्रह २०७६ देखि २०७८ सम्म प्रकाशित भएका कथाहरू समेटेर २०८० मा प्रकाशमा आएको छ । कथा सङ्ग्रहमा नेपाली भूगोलका मुगुदेखि धनकुटा, मोरङसम्मका क्षेत्र समेटिएका छन् । विवेच्य कथा सङ्ग्रहमा स्थानीय परिवेश, संस्कृति, आर्थिक सामाजिक विषमता, बेइमानी, शोषण, दमनका विषय यथार्थ रूपमा प्रस्तुत भएका छन् । राष्ट्रियता, सीमा समस्या, प्राकृतिक सम्पदा, मानवीय संवेदना, विद्रोह, परिवर्तन, उन्नतिजस्ता पक्षको दुरुस्त चित्रण गरिएको छ । वेथिति र विचलनका विषय पनि कथामा जस्ताको तस्तै आएका छन् । यथार्थ प्रस्तुतिका दृष्टिले कथासङ्ग्रह सफल बन्नु यसको उपलब्धि तथा प्राप्ति हो । समाजलाई हुबहु प्रस्तुत गर्न सक्नु कृतिको सफलता मान्नुपर्छ । कृतिको सफलतासँगै कृतिकार पनि सफल सर्जकका रूपमा दरिएका छन् ।

## सन्दर्भसूची


अधिकारी, गणेशराज (२०७६), *सिर्जना र साधनाको सौगात,* भुँडीपुराण प्रकाशन ।

अधिकारी, गणेशराज, गौतम, वासुदेव र ढुङ्गेल, वासुदेव (२०७९), *साहित्यशास्त्र र नेपाली समालोचना,* भुँडीपुराण प्रकाशन ।

आचार्य, कृष्णप्रसाद (२०६७), *साहित्यशास्त्र र नेपाली समालोचना,* क्षितिज प्रकाशन ।

लामिछाने, यादवप्रकाश (२०८०), *संयोग,* विद्यार्थी पुस्तक भण्डार ।

श्रेष्ठ, दयाराम (२०६०), *नेपाली कथा भाग-४* (दोस्रो संस्क.), साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम (२०७८), *यथार्थवाद र नेपाली कथा परम्परामा आधुनिक कालको प्रणयन,* शिखा बुक्स ।

श्रेष्ठ, दयाराम र शर्मा मोहनराज (२०५९), *नेपाली साहित्यको सङ्क्षिप्त इतिहास* (छैटौँ संस्क), साझा प्रकाशन ।